# नेपालमा लोकतन्त्र र संविधानसभाको निर्वाचनः प्रवृत्ति र परिणाम

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय
अन्तर्गत राजनीतिशास्त्र विषयमा स्नातकोत्तर तहको
दशौं पत्रको प्रयोजनार्थ पृथ्वीनारायण क्याम्पस,
राजनीतिशास्त्र विभाग, पोखरामा प्रस्तुत

***शोधपत्र***

*शोधकर्ता*

**मदनप्रसाद तिवारी**

त्रि.वि. रजिष्ट्रेशन नं. ७२५२-९४; परिक्षा रोल. नं.४८०३४०

२०७०

# शोध निर्देशकको सिफारिश

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत राजनीतिशास्त्र विषय स्नातकोत्तर तहको दशौं पत्रको प्रयोजनार्थ प्रस्तुत शोधपत्र अन्तर्गत शोधार्थी मदनप्रसाद तिवारीले 'नेपालमा लोकतान्त्र र संविधानसभाको निर्वाचनः प्रवृत्ति र परिणाम' विषयमा मेरो निर्देशनमा शोधपत्र तयार पार्नुभएको हो । निजले तयार गर्नुभएको प्रस्तुत शोधपत्र अनुसन्धानात्मक एवं खोजपूर्ण भएको पाइयो । प्रस्तुत शोधपत्र मूल्यांकनको लागि उपयुक्त भएकोले सिफारिस गर्दछु ।

.............................

मिति : २०७० फागुन २० गते
मार्च ०४, २०१४

शोध निर्देशक, सह-प्राध्यापक डा. उमानाथ बराल
राजनीतिशास्त्र विभाग,
पृथ्वीनारायण क्याम्पस, पोखरा

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत राजनीतिशास्त्र विषयको स्नातकोत्तर तह उपाधिका लागि दशौं पत्रको प्रयोजनार्थ पृथ्वीनारायण क्याम्पस, राजनीतिशास्त्र विभाग, पोखरामा प्रस्तुत गरिएको शोधपत्र मूल्यांकन भै स्वीकृत प्रदान गरिएको छ ।

१. विभागीय प्रमख/शोध निर्देशक : सहप्राध्यापक डा. उमानाथ बराल

२. बाह्य परीक्षक : सहप्राध्यापक हिमराज गिरी

३. अनुसन्धान समिति संयोजक : सहप्राध्यापक ठानबहादुर क्षेत्री

४. अनुसन्धान समिति सदस्य : कपिलमणी दाहाल

५. अनुसन्धान समिति सदस्य : गिरधारी सुवेदी

६. आन्तरिक परीक्षक : कृष्णप्रसाद तिमिल्सिना

मिति : २०७० फागुन २५ गते

मार्च ०९, २०१४

# शोधसार

लोकतन्त्र सार्वभौम लोकप्रिय शासन पद्धति हो । आधुनिक शासन पद्धतिका गुणहरु जस्तै बहुमतको सरकार, जनताप्रति उत्तरदायी सरकार, जनप्रतिनिधिद्वारा सरकारको गठन, निष्पक्ष एवं स्वतन्त्र निर्वाचन प्रणाली, स्वतन्त्र न्यायपालिका, लोकतन्त्रका आधार स्तम्भहरु हुन् । जसले राजनीतिक प्रणालीलाई जीवन्त राख्ने काम गर्दछ । नेपालको हकमा २००७ सालदेखि लोकतान्त्रिक इतिहासको सुरुवात भए पनि राजनीतिक संस्कृतिको अभावमा यसले दिगोपना धारणा गर्न सकेन । नेपालमा २००८ सालदेखि उठिरहेको संविधानसभाको मागले अन्ततः दोस्रो जनआन्दोलनबाट मात्र नयाँ राजनीतिक संवादको विकास गरायो । संविधानसभालाई मुख्य माग गर्दै ने.क.पा. माओवादीले गरिरहेको जनयुद्ध, उक्त राजनीतिक मागलाई समर्थन गर्ने अन्य राजनीतिक दलसहितको २०६२ मंसिर ११ को सहमतिपछि सशस्त्र संघर्ष गरिरहेको राजनीतिक दल र संविधानको परिधिभित्र रही लोकतान्त्रिक अभ्यास गरिरहेका राजनीतिक दलबीच सहमतिले वैधानिक रुपमा संविधानसभाको राजनीतिक मागलाई सतहमा ल्याइदियो । २०६२ र ६३ मा भएको विशाल जनआन्दोलन र त्यसले ल्याएको राजनीतिक परिवर्तनले संविधानसभाको माग राजनीतिक व्यवस्थाभित्र स्वभाविक प्रवेश पायो । तर २०६३ माघ १ गतेदेखि भएको मधेश लगायत विभिन्न जातीय क्षेत्रीय दल र मुद्दाहरुले संविधानसभाको निर्वाचनको मितिलाई पर धकेल्यो । यस्तै आन्दोलनहरुलाई निकास दिई संविधान सभाको निर्वाचन गर्नुपर्ने भएकोले विभिन्न प्रकारका सहमतिहरु गरिए । बल्ल २०६४ सालमा संविधानसभाको निर्वाचनले नेपाली लोकतन्त्रलाई स्थायीत्व प्रदान गर्ने मार्गतर्फ अग्रसर भयो । दूर्भाग्बस यो जन निर्वाचित सभा समेत दलीय अडानको परिबन्दमा परेर नयां संविधान दिन सकेन । २०७० सालको संविधानसभाको दोश्रो निर्वाचनले दलहरुलाई पुनः लोकतान्त्रिक संविधान निर्माण गर्न अख्तियारी त सुम्पियो तर हिजोका दिनहरुमा अन्य जातीय, लैङ्गीक, क्षेत्रीय समूहसँग गरिएका सम्झौताले दलहरुलाई कस्तो संविधान निर्माण गर्ने भन्ने जटिल परिस्थिति खडा गरिदिएको छ । लामो समयको संक्रमणले लोकतन्त्रमा संकट उत्पन्न गर्दछ र यस अवस्थामा जनताका मानव अधिकार मात्र नभै स्वयंम राजनीतिक दलहरुको भविश्य समेत अन्धकारमय रहने हुनाले र लोकतान्त्रिक मूल्य मान्यतामा विश्वास गर्ने दलीय गठबन्धन बहुमतमा रहेकोले पनि दोस्रो संविधान सभाद्धारा लोकतान्त्रिक संविधान बन्ने सकरात्मक मार्ग प्रशस्त भएको पाईन्छ । यसै सन्दर्भमा यस शोधपत्रमा निम्न लिखिल अनुसन्धान प्रश्नहरुको उत्तर खोज्ने प्रयाश गरिएको छ । यतिको महत्वको विषय समावेश भएको प्रस्तुत शोध अध्ययनमा शोधअध्ययनकर्ताले निम्न विषयलाई समस्या कथनका रुपमा लिएको छ : नेपालमा लोकतन्त्र र निर्वाचनको इतिहास के कस्तो रहेको छ ?, विगतदेखि संविधानसभाका लागि के कस्ता मागहरु उठदै आएका थिए ?, संविधानसभा निर्वाचन २०६४ र २०७० का प्रवृत्तीहरु र परिणामहरु के कस्ता रहे ? र संविधानसभा निर्वाचन २०६४ र २०७० मा दलीय, जातीय, लैंगिक प्रतिनिधित्व के कस्तो रहे भएको छ ?

प्रस्तुत शोधपत्रमा नेपालमा लोकतन्त्रका लागि भएको संघर्ष र संविधानसभाको निर्वाचन २०६४ र २०७० को परिणामको स्थितिको बारेमा विश्लेषण र तुलना गरिएकोले प्रस्तुत शोध अध्ययन सम्बन्धित विषयको विवरणात्मक, विश्लेषणात्मक र तुलनात्मक ढाँचामा तयार पारिएको छ । यस शोधपत्रका लागि आवश्यक तथ्यांकहरु द्वितीय श्रोतमा आधारित रहेको छ । त्यस्तै तथ्यांकको प्रकृति मात्रात्मक (Quantitative) र गुणात्मक (Qualitative) रहेको छ । सामान्यतया निर्वाचनका परिणामहरु मात्रात्मक लोकतन्त्र तथा संविधानसभासम्बन्धी घटनाक्रमहरुका तथ्यहरु गुणात्मकरुपमा रहेका छन् ।

नेपालमा लोकतान्त्रिक शासन व्यवस्थाको लागि अगुवाइ गरेका दलहरुको बोली र रुपमा लोकतन्त्र भन्ने गरेतापनि व्यवहार र सारमा यस्को ठिक विपरित गर्दै आइरहेको पाईन्छ । २००७ देखि २०६२/०६३ को क्रान्तिबाट प्राप्त भएको प्रजातान्त्रिक उपलब्धिलाई संस्थागत गर्नुको सट्टामा सत्ताको लागि आपसमा खिचातानी र षडयन्त्रका क्रियाकलाप बाट लोकतन्त्रमा संकट र अस्थीरता जस्ता चुनौती पैदा गरेको देखिन्छ । जनआन्दोलनबाट लोकतन्त्र स्थापना भइ संविधानसभा निर्वाचन भएपछि शान्तिप्रक्रियालाई टुंगोमा पुऱ्याउने, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माण गर्ने गरी लोकतान्त्रिक शासन व्यवस्थालाई स्थिर र सुदृढ बनाउनुपर्ने मुख्य जिम्मेवारीबाट पन्छिएर पुनः सत्ता बनाउने ढाल्ने खेलमा अस्वस्थ प्रतिष्पर्धाद्धारा सत्ताकेन्द्रित प्रवृति र भूमिकामा मुख्य राजनीतिक दलहरु केन्द्रित रहेको पाइन्छ । । जसले गर्दा संविधानसभाको आयु दोब्बर बनाउँदा पनि यसले संविधान दिन सकेन र पुनः दोस्रो पटक संविधान सभाको लागि आम निर्वाचन गर्नु परेको पाइन्छ । वि सं २०६४ मा सघिय लोकतान्त्रिक संविधान निमार्णका लागि पहिलो पटक संविधान सभाको निर्वाचन भयो । तर ठूला दलहरुको अकर्मण्यता र स्वार्थी राजनीति, संविधानसभालाई सार्वभौम बन्न नदिनु र संविधान बनाउनेभन्दा सरकार बनाउने र ढाल्ने खेलमा जोड दिइनु जस्ता कारणहरुले गर्दा यस संविधान सभालाई नयां संविधान नबनाइकननै असफल बनाउने असफल काम भयो । परिवर्तीत राजनीतिक उपलब्धिहरुलाई संस्थागत गर्ने अर्को मार्ग पनि थिएन । फलतः देशमा पुनः संविधान बनाउनका लागि संविधान सभाको लागि अर्को आम निर्वाचन २०७० मा गरियो । यस सभामा दलिय समिकरण फेरिएको, दुई दुई पटक देशमा जम्बो संविधान सभाको गठनका लागि समय, शक्ति र आर्थिक स्रोत देशले गुमाउन परेकोले र नयां संविधानको अभावमा संघिय लोकतान्त्रिक राज्य व्यबस्थाले स्थायीत्व प्राप्त नगर्ने हुनाले यस पछिल्लो संविधान सभाबाट देशले नयां संविधान प्राप्त गर्ने आषा राख्न सकिन्छ ।

नेपालमा भएका दुइवटा संविधान सभाका निर्वाचनमा खसेको मततर्फको तुलनात्मक समीक्षा गर्दा संविधानसभा निर्वाचन २०६४ मा भन्दा २०७० मा बढी मत खसेको देखिन्छ । बदर र सदरतर्फको मतको विश्लेषण गर्दा २०६४ सालको प्रत्यक्ष निर्वाचनको भन्दा २०७० को निर्वाचनमा बदर मत कमी देखिन्छ । संविधान सभा निर्वाचनमा दलहरुको उपस्थिति र सहभागितालाई विश्लेषण गर्दा संविधानसभा निर्वाचन २०६४ मा भन्दा २०७०

को निर्वाचनमा ६७ वटा राजनीतिक दल बढी सहभागी भएको पाइन्छ। दुबै निर्वाचनतर्फको दलगत परिणाम हेर्दा २०६४ को निर्वाचनमा उम्मेदवारी दिएका मध्ये प्रत्यक्ष प्रणालीतर्फबाट ९ दल मात्रको संविधानसभामा प्रतिनिधित्व भएको थियो । जहां समानुपातिकतर्फ ५४ दलमध्ये २५ दलमात्र संविधानसभामा निर्वाचित भई प्रतिनिधित्व गरेको पाइन्छ। त्यसैगरी २०७० को संविधानसभा निर्वाचनमा भाग लिएका १२१ दलमध्ये प्रत्यक्ष प्रणालीतर्फ १० दलका तर्फबाट निर्वाचित भएको पाइन्छ भने समानुपातिक प्रणालीतर्फ १२१ दलमध्ये जम्मा ३० दललेमात्र संविधानसभामा निर्वाचित हुने मौका पाएका छन् । संविधानसभाका दुबै निर्वाचनमा निर्वाचित दलीय अवस्थालाई हेर्दा २०६४ सालको निर्वाचनमा २२० सिट हासिल गरी ठूलो दल घोषित भएको तत्कालीन ने.क.पा. माओवादी हालको ए.ने.क.पा. माओवादी २०७०को संविधानसभामा जम्मा ८० सिटमा सिमित भई तेश्रो दलमा झरेको पाइन्छ । त्यस्तै २०६४ को निर्वाचनमा जम्मा ११० सिट हासिल गरी दोश्रो ठूलो दल घोषित भएको नेपाली काँग्रेसले २०७० मा १९६ सिट सहित सबैभन्दा ठूलो दल घोषित भएको छ । त्यसैगरी २०६४ को संविधानसभा निर्वाचनमा जम्मा १०३ सिटसहित तेश्रो ठूलो दलको रुपमा रहेको ने.क.पा.एमालेले २०७० को निर्वाचनमा १७५ सिटसहित दोश्रो ठूलो दल बन्न पुगेको छ। २०६४ को संविधानसभा निर्वाचनमा कुल ५२ सिटसहित चौथो स्थानमा रहेको मधेशी जनअधिकार फोरम नेपाल २०७० को निर्वाचनमा जम्मा १० सिटमा सीमित हुन पुग्यो। त्यसैगरी पूर्वपञ्चहरुको संवैधानिक राजतन्त्र र हिन्दु राज्यको मागको पक्षमा रहेको रा.प्र.पा. नेपाल चौथो ठूलो दल घोषित भएको छ।

दुबै संविधानसभा निर्वाचनको प्रत्यक्ष र समानुपातिकतर्फको कुल महिला सभासदहरुको संख्या हेर्दा २०६४ को संविधानसभा निर्वाचनमा भन्दा २०७० को निर्वाचनमा १८ जना महिला सभासद कमी भएको पाइन्छ । संविधान सभामा जातजातिको संरचनागत सहभागितालाई विश्लेषण गर्दा २०६४ को र २०७० को प्रत्यक्ष र समानुपातिक दुवै निर्वाचन प्रणालीबाट निर्वाचित हुने ५७५ सिट संख्या रहेकोमा २०६४ मा खस आर्य तर्फबाट २०३ र २०७० को संविधानसभामा २३७ सभासद निर्वाचित भएको पाइन्छ। त्यस्तै दुबै निर्वाचनका दुबै निर्वाचन प्रणालीबाट निर्वाचित भएका कुल ५७५ सिटमध्ये जनजाति तर्फको प्रतिनिधित्वको हेर्दा २०६४ को निर्वाचनबाट जनजाति जनजातितर्फबाट जम्मा १९० सभासद निर्वाचित भएको पाइन्छ भने २०७० को निर्वाचनमा १७९ जना जनजाति सभासद निर्वाचित भएको पाइन्छ। त्यस्तै मधेशी समुदायको तर्फबाट निर्वाचित भएका संख्याको विश्लेषण गर्दा २०६४ को निर्वाचनमा १३३ जना सभासद निर्वाचित भएको पाइन्छ भने २०७० को निर्वाचनमा ११६ जना सभासद मात्र निर्वाचित भएका छन् । त्यस्तै दलित तर्फबाट २०६४ को संविधान सभामा ४७ जना सभासद निर्वाचित भएको पाइन्छ भने २०७० को निर्वाचनमा दलित तर्फबाट ३९ जना सभासदमात्र निर्वाचित भएको पाइन्छ। त्यस्तै संविधान सभाका लागि भएको पहिलो निर्वाचनमा भन्दा दोस्रो निर्वाचन बढी सहभागितामूलक र निर्वाचनसम्बन्धी अवलम्बन भएका विधि र प्रक्रियामा केहि सुधार गरिएको पाइन्छ।

# भूमिका

प्रजातन्त्र लोकतन्त्रको पर्यायवाची शब्द भए पनि आधुनिक समयमा जनताद्वारा प्रत्यक्ष ढंगले शासन गर्ने व्यवस्था लोक अभ्यासमा बढी प्रचलित र लोकप्रिय रहीआएको छ । प्रजा अर्थात् अधिनस्थ जनताद्वारा गरिने शासन पद्दति प्रजातन्त्र नभै जनताद्वारा आफैले आफ्नो लागि शासन गर्ने, प्रतिनिधि चयन गर्ने सार्वभौम विषय नै लोकतन्त्र हो । लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरणको लागि लोकतान्त्रिक दलहरु, उनीहरुको आचरण र संगठन लोकतान्त्रिक मूल्य र मान्यताका आधारमा चलेको हुनुपर्छ । नेपालको हकमा हेर्ने हो भने लोकतन्त्रको लागि १९९७ सालदेखि जनताहरुले गरेको २०६२/०६३ को जनआन्दोलनसम्मको अवधिमा जनताहरुले गरेको बलिदानीपूर्ण इतिहासलाई हेर्ने हो भने अहिलेसम्म पनि लोकतन्त्रकै संस्थागत विकास हुन सकेको छैन । प्राप्त लोकतान्त्रिक उपलब्धीलाई संस्थागत गर्दै न्यायपूर्ण र सम्मुनत समाजका लागि संविधान सभाद्धारा नयां संविधान बनाउने उद्देश्यले २०६४ मा गठित संविधान सभा यसको उद्देश्यमा सफल नभै विघटन भयो र यस उद्देश्य पूर्तिका लागि पुनः २०७० सालमा संविधान सभाका लागि दोस्रो निर्वाचन भएको छ । त्यसैले नेपालमा लोकतन्त्र अझै संक्रमणका रुपमा रहेको छ । लोकतान्त्रिक अभ्यासका लागि राजनीतिक दलहरुको संगठन, उसको राजनीतिक भर्ती र व्यवहार लोकतन्त्रका मूल्य र मान्यताअनुरुप हुनुपर्छ ।  नेपाली लोकतन्त्रको अवस्था र संविधान सभा निर्वाचन तथा यस्को प्रवृत्ती बारेमा शोध अध्ययन गर्न आवश्यक ठानेकोले यस शोधार्थीले राजनीतिशास्त्र विषयको दशौं पत्रको प्रयोजनका लागि नेपालको लोकतान्त्रिक इतिहास र संविधानसभाको निर्वाचन : एक अध्ययनको विषयलाई आफ्नो अध्ययनको विषयबस्तुको रुपमा केन्द्रित गरेको हुँ ।

यस शोधार्थी थेसिस लेख्ने निष्कर्ष साथ जब राजनीतिशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पसका सहप्राध्यापक उमानाथ बराल ज्यूका सम्पर्कमा पुगेको थिएँ, सो बखतदेखि नै मलाई जुन साहस एवं महत्वपूर्ण सल्लाह सुझाव साथ आफूसँग भएका सन्दर्भ सामग्री उपलब्ध गराउँदै थप सामग्रीको विवरण र पाइने स्थान समेत टिपाइ यस शोध अध्ययनलाई पुरा गराउन जुन रचनात्मक निर्देशन गर्नु भइ आत्मबल प्रदान गर्नुभयो, यसका लागि उहां प्रति हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दछु । त्यस्तै यस शोधार्थीलाई स्नातकोत्तर तहमा राजनीतिशास्त्र विषयमा अध्ययन गर्न प्रारम्भदेखि नै प्रेरित गर्दै यस शोध अध्ययनको सफलताका लागि विभिन्न सामग्री सल्लाह र सुझाव प्रदान गरी आफ्नो अमुल्य समयको बाबजुद महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने पृथ्वीनारायण क्याम्पस, राजनीतिशास्त्र विभाग

पोखराका शिक्षक आदरणीय गिरधारी सुवेदीज्यू प्रति गहिरो आभार प्रकट गर्दछु । यस शोधपत्रको मसौदा उपर मौखिक अर्न्तवार्ताको परिक्षा क्रममा अमूल्य सुझावहरु  दिनु हुने सम्पूर्ण आदरणिय गुरुहरु प्रति आभार प्रकट गर्दै हार्दिक धन्यबाद दिन चाहान्छु । त्यस परिक्षाका क्रममा प्राप्त सुझावहरु समेत संलग्न गरि शोधपत्रको यो परिमार्जित प्रती बुझाएको छु । त्यसैगरी नेपालमा संविधानसभा निर्वाचनसम्बन्धी पुस्तक र कार्यपत्र उपलब्ध गराइ दिनु हुने सहकर्मी मित्र अधिवक्ता गणेशबहादुर आलेज्यूलाई हार्दिक धन्यवाद छ ।

घर परिवार आफ्नो शिक्षण पृष्ठभूमिबाट मेरो शिक्षाको दीयो जलाइदिनु भई सुमार्गको बाटो देखाउनु भएकोमा स्व. पिताजी युवराज तिवारीप्रति श्रद्धासुमन अर्पण गर्दछु । साथै मप्रतिको कर्मबाट विचलित नभइ मलाई शिक्षा प्राप्तिको लागि निरन्तर संघर्ष र योगदान पुऱ्याउनु हुने सुमार्गको बाटो देखाउनु हुने मेरो पुजनीय माता पदमकुमारी तिवारी, दाजु माधवप्रसाद तिवारीप्रति आजीवन ऋणी भएको संस्मरण गर्दछु । साथै यस शोधलेखन कार्यको क्रममा आइपरेका साना ठूला बाधा व्यवधानलाई सामना गर्दै व्यवस्थापन गरिदिने मेरी सहृदयी जीवनसंगीनी इन्दिरा तिवारी, भाइ रामबल्लभ तिवारी साथै मेरो प्राणकारुपमा रहेका छोरा सविन, सुधन, प्रवीम, छोरीहरु अस्मिता, बिनिता, अनिता मेरा धन्यवादका पात्र छन् । कम्प्युटर टाइपमा सघाउने भाइ शिवहरि तिमिल्सेना तथा राजधानी दैनिकका पोखरा ब्यूरो पत्रकार विजय नेपाल, मेरो शैक्षिक जीवनप्रति शुभेच्छा राख्ने सहपाठी पीताम्बर शर्मा एवं अग्रज अधिवक्ता अग्निधर पौडेलप्रति विशेष आभारी छु ।  साथै यस शोध लेखनमा कुनै न कुनै रुपमा सहयोग गर्ने अधिवक्ता मित्र दिलिपराज पौडेल र बाबुराम अधिकारीसमेत मेरो स्मरणीय पात्र हुनुहुन्छ ।

मिति २०७० चैत १४  गते ।

मदनप्रसाद तिवारी
परीक्षा रोल नं.४८०३४०
राजनीतिशास्त्र विभाग,
पृथ्वीनारायण बहुमुखी क्याम्पस,
पोखरा ।

# विषय सूची

*शोध निर्देशकको सिफारिस*

*स्वीकृति पत्र*

*शोधसार*

*भूमिका*

***परिच्छेद : एक*** **शोध अध्ययनको परिचय** **१-११**

१.१ पृष्ठभूमि १

१.२ समस्या कथन ४

१.३ अध्ययनको उद्देश्य ७

१.४ अध्ययनको विधि ७

१.५ पूर्वसाहित्यको समीक्षा ८

१.६ अध्ययनको सीमा १०

१.७ अध्ययनको महत्व १०

१.८ अध्ययनको संरचना ११

***परिच्छेद : दुई*** **लोकतन्त्र, निर्वाचन र संविधानसभाम्बन्धी सैद्धान्तिक अवधारणा** **१२-५८**

२.१ लोकतन्त्रको अर्थ र स्वरुप १२

२.२ निर्वाचन र निर्वाचन प्रणाली १८

२.२.१ लोकतन्त्रमा निर्वाचन १८

२.२.२ निर्वाचन प्रणालीको विकास २०

२.२.३ निर्वाचन प्रणालीका परिवार २६

२.२.४ लोकतन्त्र र निर्वाचनबीच सम्बन्ध ३७

२.२.५ संविधानसभाको अवधारणा, अर्थ र महत्व ४९

***परिच्छेद : तीन*** **नेपालमा लोकतन्त्र, निर्वाचन र संविधानसभा** **५९-८३**

३.१. नेपालको राजनीतिक इतिहास र लोकतन्त्र(वि.सं. २००७-२०१७) ५९

३.२ नेपालको पञ्चायतकालीन राजनीतिक अवस्था र प्रजातान्त्रिक आन्दोलन ६५
३.२.१ प्रजातन्त्र पुनर्स्थापनापछिको राजनीतिक अवस्था (वि.सं. २०४७-२०६२) ६८
३.२.२ राजाको सक्रिय शासन व्यवस्था र राजनीतिक द्वन्द्व (वि.सं. २०५९-२०६२) ७४
३.२.३ दोश्रो जनआन्दोलनपछिको राजनीतिक अवस्था (विसं २०६३ देखि २०७०) ७८
३.२.४ संविधानसभा निर्वाचनपूर्वका अन्य निर्वाचनहरु ८०
३.२.५ संविधानसभा निर्वाचन ८२

***परिच्छेद: चार*** **नेपालमा संविधानसभाको राजनीति र यस्को निर्वाचन ८४-१४६**

४.१ नेपालमा संविधानसभा निर्वाचनको ऐतिहासिक पृष्ठभूमि ८४
४.२ विस्तृत शान्तिसम्झौता र संविधानसभा ८९
४.३ अन्तरिम संविधान र संविधानसभा ९२
४.४ संविधानसभा निर्वाचनपूर्वका जातीय तथा क्षेत्रीय आन्दोलन ९४
४.४.१ नेपाल सदभावना पार्टी (आनन्दीदेवी) को आन्दोलन ९४
४.४.२ मधेशी जनअधिकार फोरमको आन्दोलन ९५
४.४.३ चुरे भावर क्षेत्र आन्दोलन ९९
४.४.४ संघीय लोकतान्त्रिक राष्ट्रिय मोर्चाको आन्दोलन ९९
४.४.५ जनजाति आन्दोलन १०१
४.५ संविधानसभा निर्वाचनपूर्वका दलीय गतिविधि र घटनाक्रम १०२
४.६ संविधानसभा निर्वाचनका लागि भएको राजनीतिक सहमति एवं संवैधानिक पहल १०६
४.७ संविधानसभा निर्वाचन २०६४ ११०
४.७.१ संविधानसभाको विघटन र दोस्रो संविधानसभाको बहस ११२
४.७.२ दोश्रो संविधानसभा निर्वाचनको अवधारणा ११९
४.७.३ निर्वाचन सरकारको गठन र अर्को संविधानसभा निर्वाचन २०७० १२३
४.७.४ संविधानसभा निर्वाचन २०६४ र २०७० को महत्व १२८
४.८ संविधानसभा निर्वाचन २०६४ र २०७० को तुलनात्मक विश्लेषण १३१
४.८.१ संविधानसभा निर्वाचनमा जनसंख्या, मतदाता र मतदान विवरण १३१
४.८.२ संविधानसभा निर्वाचन २०६४ र २०७० मा सहभागी राजनीतिक दल १३३
४.८.३ संविधानसभा निर्वाचन २०६४ र २०७० मा निर्वाचित दल र प्रतिनिधि संख्या १३४

४.८.४ संविधानसभा निर्वाचनमा प्रत्यक्षतर्फको निर्वाचित दलगत र लिङ्गगत विवरण १३८
४.८.५ संविधासनभा निर्वाचनमा समानुपातिक प्रणालीतर्फको निर्वाचित लैंङ्गीक विवरण १३९
४.८.६ संविधानसभा निर्वाचनबाट निर्वाचित जातीगत विवरण १४३

**परिच्छेद : पाँच निष्कर्ष १४७-१६१**

५.१ साराशं १४७
५.२ शोधपत्रको निचोड १५६
५.३ सुझावहरु १५७
**सन्दर्भसामग्री १६२**
**अनुसूची १ १६५**
**अनुसूची २ १७०**
**अनुसूची ३ १७७**
**अनुसूची ४ १८२**
**अनुसूची ५ १८९**
**अनुसूची ६ १९३**
**अनुसूची ७ १९५**

# तालिका सुची


| क्र. सं. | तालिका नं. | तालिका शिर्षक | पृष्ठ संख्या |
|---|---|---|---|
| १. | १.१ | निर्वाचन प्रणालीका परिवार | २६ |
| २. | ४.१ | प्रत्यक्षतर्फको चुनावी परिणाम | १३१ |
| ३. | ४.२ | समानुपातिकतर्फको चुनावी परिणाम | १३२ |
| ४. | ४.३ | संविधानसभाको निर्वाचनमा सहभागि राजनीतिक दलको विवरण | १३३ |
| ५. | ४.४ | संविधानसभाको प्रत्यक्षतर्फ निर्वाचनमा दलगत निर्वाचन परिणाम | १३४ |
| ६. | ४.५ | संविधानसभामा दलगत समानुपातिक निर्वाचन परिणाम | १३४ |
| ७. | ४.६ | संविधानसभामा प्रत्यक्षतर्फको निर्वाचनको दलगत र लैगिंक विवरण | १३८ |
| ८. | ४.७ | संविधानसभा निर्वाचनमा निर्वाचित सभासद्को दलगत लैगिंक विवरण | १३९ |
| ९. | ४.८ | संविधानसभामा जातिगत प्रतिनिधित्वको विवरण | १४३ |